बैशाख २०७४

UNDP

*Empowered lives.*
*Resilient nations.*



भुकम्पका दुई वर्ष

# सुरक्षित निर्माणको लागि नेपाललाई सहयोग

यूएनडीपीले भूकम्पपछि गरेका प्रमुख कार्यहरु

# सन्दर्भ

**२०७२ बैशाख १२ र २९ मा गएको भुकम्पले नेपाललाई जगैदेखि हल्लाएको दुई वर्ष बितेको छ । देश पुनर्लाभ र पुनर्निर्माणको कार्यमा अगाडि बढेपनि अझै हजारौ मानिसहरु छाप्रोमा बसोबास गर्दै आएका छन् भने खाना र पानीको अभाव यथावत छ र सामान्य जीवनयापनको लागि पनि संघर्ष गरिरहेका छन् ।**

युएनडीपीले नेपाल सरकार, विकास साझेदारहरुका साथै अन्य समुदायसँग भुकम्पबाट बढी क्षति भएका क्षेत्रका प्रभावित मानिसहरुलाई लक्षित गरि सहयोगका लागि आफ्ना कार्यक्रमहरुमार्फत् सहयोग गरिरहेको छ । भुकम्पपछि नेपालको विकासमा पहल गर्दै युएनडीपीले समुदायको जीविकोपार्जनको पुनरुत्थान सहित पुनर्निर्माण र सार्वजनिक सेवाहरु सुचारु गर्न मद्दत पुऱ्याइ सरकारलाई सघाइरहेको छ ।

यही समयमा युएनडीपीले दीर्घकालीन दृष्टिकोणसहित भविष्यमा आउन सक्ने विपद्को सामना गर्न क्षमता निर्माण गर्ने कार्यलाई सहयोग हुनेगरी कार्यक्रमहरु तय गरेको छ । यसको लागि सरकारलाई प्राविधिक सहयोग गरेर पुनर्लाभ कार्यक्रममा सक्रिय रुपमा सहभागी हुनुका साथै जोखिम न्यूनीकरण संयत्रमा पनि सघाएको छ ।





भुकम्पबाट प्रभावित

**६0,000**

व्यक्तिहरुलाई लघु उद्यमबाट रोजगारी प्रदान गरियो ।

# पुनर्निर्माण प्राधिकरणलाई सहयोग

नेपालको भरपर्दो साझेदारको रुपमा युएनडीपीले पुननिर्माण प्राधिकरणलाई आवश्यक प्राविधिक विशेषज्ञता प्रदान गरी उसको कार्यादेश अनुरुप कामहरु सम्पन्न गर्न सहयोग पुऱ्यायो । यो सहयोग भएपछि सिन्धुपाल्चोक, गोरखा, काभ्रेपलान्चोक र दोलखा जिल्ला समन्वय संयत्र र राष्ट्रिय पुनर्लाभ समन्वय समिति संचालनलाई मद्दत पुग्यो ।

युएनडीपीले विश्व बैंक र अरु विकास साझेदाहरुसँग मिलेर पुनर्निर्माण प्राधिकरणको भुकम्पपछि उत्पन्न जोखिम पुनर्लाभ खाका (पीडीआरएफ) तयार गर्न प्रमुख भुमिका खेल्यो, पाँच वर्षे यो मार्गचित्रले पुनर्लाभ र पुननिर्माण कार्यलाई व्यवस्थित रुपमा अगाडि बढाउन सहयोग गऱ्यो । र, डीएफआइडी र जाइकासँग मिलेर युएनडीपीले अति प्रभावित १४ जिल्लालाई पुनर्लाभ कार्यक्रम योजना निर्माणमा सहयोग गऱ्यो । यसले विपद् जोखिम न्यूनीकरण र सुरक्षित निर्माण पद्धतिलाई मुलप्रवाहीकरण गर्न सहयोग गऱ्यो ।

युएनडीपीले कोइकासँगको साझेदारीमा चर्केका संरचना सुरक्षित तरिकाले भत्काउने, भग्नावशेष व्यवस्थापन र १० वटा स्वास्थ्य चौकी निर्माण गर्न सहयोग भऱ्यो । युएनडीपीले युनिसेफसंग मिलेर नौवटा जिल्लामा ६५० सिकाइ केन्द्रहरुको सुरक्षित र गुणस्तरीय निर्माण सुनिश्चित गर्न प्राविधिक सहयोग गऱ्यो ।





# जिविकोपार्जनमा सहयोग

भुकम्पले समग्र अर्थतन्त्र, आमजनको जीवनस्तर र बजारमा पारेको नकरात्मक प्रभावलाई कम गर्न युएनडीपीले दिगो आर्थिक सुधारमा बढावा दियो । यसका लागि प्रभावित क्षेत्रका बासिन्दालाई सक्षम बनाएर आयश्रोतका नयाँ अवसर निर्माणका लागि बिशेषगरी लघु उद्यममार्फत सहयोग गऱ्यो । यसबाट ६० हजारभन्दा बढीलाई नयाँ रोजगारी सृजना भई लक्षित गरिब र समाजमा पिछडिएका समुदायले राहत पाए ।

युएनडीपीले प्रवाभित क्षेत्रमा समुदायिक पुनर्वास निर्माण अन्तर्गत सिंचाई कुलो, सामुदायिक भवन, कृषि उपज संकलन केन्द्र लगायत ६० वटा संरचनाहरुको पुनर्निर्माण गऱ्यो जसले २३ हजार घरपरिवार लाभाविन्त भए ।

भूकम्पले क्षति पुऱ्याएका २०० सामुदायिक संरचनाको निर्माणबाट

**२३,000**

घरपरिवार लााभान्वित

भग्नावशेष पन्छाउने काममा

**४,३००**

ले अस्थायी रोजगारी पाए, कामका लागि नगद अन्तर्गत यस कार्यक्रममा ४० प्रतिशत महिला सहभागी थिए ।

# सार्वजनिक सेवा सुचारु गर्न सहयोग


भूकम्पको धक्काले संरचनाहरु भत्किंदा नेपाल सरकारका स्थानीय निकायलाइ सार्वजनिक सेवा दिन निकै कठिनाइ भयो । युएनडीपीले भुकम्पका कारण अवरुद्ध भएका १२० सरकारी कार्यालय , स्वास्थ्य केन्द्र, विद्यालयहरुमा अस्थायी भवनको निर्माण तथा सौर्य उर्जा जडान गरी सेवा सुचारु गर्न सहयोग गऱ्यो ।

यसका साथै मानवअधिकार र कानुनी शिविरहरु संचालन गऱ्यो जसले गर्दा प्रभावित क्षेत्रका १२३,००० व्यक्ति लाभान्वित भए, यसमा बढि महिला र जोखिममा रहेकका व्यक्तिहरुले परामर्श लिएको पाइयो ।

# सुरक्षित नेपाल निर्माण

नेपालको दिर्घकालीन पुनर्लाभ र रणनीति निर्माणका लागि युएनडीपीले नेपाल सरकार र विभिन्न विकास साझेदार र समुदायसंग जोखिम न्यूनीकरणको लागि मिलेर काम गरिरहेको छ । यस अन्तगति प्रभावित क्षेत्रमा सुर क्षित पुननिर्माणको काम गर्ने २,००० इन्जिनियरहरु र डकर्मीहरुलाई तालिम दिनुका साथै विपद् व्यवस्थापन नीति र रणनीतिक योजना तयार गर्न सहयोग प्रदान गऱ्यो ।

त्यसैगरी युएनडीपीले नेपाल इन्जियर्स संघसंग मिलेर ग्रामीण क्षेत्रको भूकम्प प्रतिरोधी घर नक्सा निर्माण प्रतिस्पर्धा आयोजना गऱ्यो । यसको उद्देश्य युवा इन्जिनियर र व्यवसायीले स्थानीय स्रोतसाधन उपयोग गरी भूकम्प प्रतिरोधी संरचना निर्माण गर्ने कार्यलाई प्रोत्साहन गर्नु थियो ।



विद्यार्थीहरुका लागि
**६५०**
अस्थायी तालिम केन्द्र पुनर्निर्माण



# विपद प्रतिकार्यमा अपाङ्गतालाई प्राथमिकता

युएनडीपीले भूकम्पछिको अवस्थामा अपाङ्गता भएका व्यक्तिले सामना गर्नु परेका नयाँ चुनौतीमा सोसल साइन्स बहासंग मिलेर एक अध्ययन प्रतिवेदन प्रकाशित गरेको थियो ।

'विपद, अपङ्गत र भिन्नता' शिर्षककमा प्रकाशित उक्त प्रतिवेदनमा अपङ्गता भएका व्यक्तिले अस्थायी बसोबास गरेको क्षेत्रमा भोग्नु परेको अनुभव समेटिएको थियो । प्रतिवेदनले सबै संस्थागत सेवा प्रदायकमार्फत पुनर्लाभका लागि दिर्घकालीन सहयोग प्रदान गर्न एवं विपद् सामनाको निम्ति क्षमता अभिवृद्धि प्रक्रियामा तत्कालै अपाङ्गता भएका व्यक्तिका सवालहरु समावेश गर्न सिफारिस गरेको छ ।





# नवीन खोज

***युएनडीपीले नवीन खोजलाई उच्च प्राथमिकता दिँदै नेपालले पुनर्लाभको अवस्थामा सामना गर्नु परेका समस्या समाधानका लागि नागरिक समाज र निजी क्षेत्रसंगको साझेदारीमा नयाँ प्रविधि मार्फत सहयोग विस्तार गऱ्यो ।***

नयाँ साझेदारहरु अन्तर्गत स्थानीय र अन्तर्राष्ट्रिय संस्थाहरुजस्तै माइक्रोसप्ट, शैक्षिक संस्थाहरुमा नेपाल इन्जिनियरिङ कलेज र अन्य नेपालका युवा समूहहरु सहभागी थिए । यी निजी क्षेत्रसंग संचालित संयुक्त परियोजनाहरुले तत्कालै ठोस र मूर्त प्रभाव दिन सफल भए, यो सफल नमूना मात्र भएन प्रविधिमा नयाँ सुरुवात पनि भयो ।

## पुनर्लाभमा स्मार्ट फोन एप

माइक्रोसफ्टसंगको साझेदारीमा युएनडीपीले भग्नाबशेष व्यवस्थापनमा स्मार्ट फोन एप निर्माण गऱ्यो जुन एपले पुनर्लाभ काममा तत्काल काम गऱ्यो । विश्वमा पहिलोपटक प्रयोग भएको यो एपले विपद व्यववस्थापनको लागि सहयोग गऱ्यो । यसले परियोजनामा कामदारको तथ्याङ्क राख्न,

भुक्तानी विवरण राख्नुका साथै भूकम्पले क्षति पुऱ्याएका घर भग्नाबशेष हटाउन लागेको खर्च लेखाजोखामा वैज्ञानिक र कम खर्चिलो समाधन दियो ।

**पुनर्नि र्माणका लागि युवा सहभागिता**
युएनडीपीले माइक्रोसफ्टसंगको अर्को साझेदारीमा 'युथ फर अपाथन' सुरु गऱ्यो । यसमा ४०० युवा सहभागी भएर नयाँ सफ्टवेयर एप्लिकेशनको विकास गरी भूकम्पपछिको पुननिर्माण काम सघाउ पुऱ्याए । अपाथनले युवा स्वयंसेवीहरुलाई सफ्टवेयर निर्माणमा सहभागी गराउनका साथै अनलाइन बजार प्रणाली मार्फत् भग्नाबशेष वस्तुहरु बिक्री गर्ने व्यवस्था मिलायो ।




**विद्युतीय निर्माण अनुमति प्रणाली**
युएनडीपीको सहयोगमा केही नगर पालिकाहरुमा भवन निर्माण सम्बन्धी विद्युतीय अनुमति प्रणाली (इ बीपीएस) सुरु र विस्तार भयो । यस प्रणालीले राष्ट्रिय भवन निर्माण संहितालाई अनुशरण गरि भूकम्प प्रतिरोधि निर्माणमा सहयोग गरेको छ । यो प्रणाली काठमाडौं, कीर्तिपुर र ललितपुरमा सुरु भएको छ । यस अन्तर्गत निम्न लिखित कामहरु भए :

**भूगोलमैत्री वस्ती स्थानान्तरण**
भूकम्पले क्षति पुऱ्याएका पहाडी भूभागमा दिगो वस्ती स्थानान्तरण गर्न युएनडीपीले भूगोलमैत्री वस्ती स्थानान्तरणको अवधारणा विकास गरी उपलब्ध भूमि, साधनस्रोत दिगो बनाउन मद्धत पुऱ्यायो ।

**सुरक्षित पुनर्निर्माणका लागि जनचेतना**
भूकम्पछि घरधनी आफैले सुरु गरेको आफ्नो घर आफै बनाउ अभियानको सफलताका लागि घरधनीलाई सुरक्षित निर्माण सम्बन्धी सूचनाहरु सहजरुपमा प्रदान गर्नु आवश्यक हुन्छ । यसै सन्दर्भमा युएनडीपीले पुनर्निर्माण सम्बन्धी श्रव्यदृश्य भएको घुम्ती गाडी गाउँहरुमा लगेर भूकम्पीय सुरक्षा सम्बन्धी जानचेतनामूलक प्रदर्शनीहरु संचालन गरी सुरक्षित भवन अभ्यासबारे जानकारी दिन मद्दत गऱ्यो ।



२०७२ को भूकम्पमा धेरै जोखिममा परेकाहरुलाई लघु उद्यमबाट

**६०,०००**

नयाँ रोजगारी सिर्जना गऱ्यो ।

भूकम्प प्रभावित जिल्लामा पुनर्निर्माण पुर्नउत्थानका लागि

**१,५००**

डकर्मीलाई तालिम दिइयो ।

सरकारी कार्यालय, स्वास्थ्य संस्था तथा विघालयहरु सौर्य उर्जा

**१५०**

प्रणालि जडान ।

**१३०,०००**

भन्दा बढी (धेरै जसो महिला) ले कानुनी परामर्श, सल्लाह र सूचना पाए ।

**३,४६७**

निजी र २०७ सार्वजनिक भवनहरुको क्षति मूल्याङ्कन गर्दै ती घरहरुलाई भत्काई भग्नावशेषको व्यवस्थापन गरियो ।

भुकम्पवाट क्षतिग्रस्त २.६ साना जलविधुतको पुर्नस्थापना जसबाट

**६६२**

किलोवाट उर्जा उत्पादन भई ३५,००० लाभान्वित भए ।

## हाम्रा दाता र साझेदारहरूलाई धेरैधेरै धन्यवाद


अस्ट्रेलिया


डेनमार्क


यूरोपेली संघ


फिनल्याण्ड


जर्मनी


जापान


मरीशस


नेपाल


नर्वे


गणतन्त्र कोरिया


स्वीडेन


स्विजरल्यान्ड


संयुक्त अधिराज्य

Note: This list includes bilateral and multilateral donors only.

नोट : यस सूचीमा द्विपक्षीय र वहुपक्षीय मात्र छन ।

UNDP

*Empowered lives.*
*Resilient nations.*

www.np.undp.org

www.facebook.com/undpnepal

www.twitter.com/undpnepal

www.youtube.com/undpnepal